निर्णय नं.३

कालिकामाई गाउँकार्यपालिकाबाट स्वीकृत विनीयोजन ऐन, २०७४ सर्वसम्मतिबाट स्वीकृतगर्ने निर्णयगरियो ।

# कालिकामाई गाउँपालिका

## विनीयोजन ऐन, २०७४

*कार्यपालिकाबाट स्वीकृत मिति : –२०७४।१२।१३*

## कालिकामाई गाउँपालिका

## मुड्ली, पर्सा

*गाउँ सभाबाटअनुमोदनभएको मिति : – २०७४।१२।२१गते*

# कालिकामाई गाउँपालिकाको विनियोजन ऐन, २०७४

**कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना** : कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा(२)कालिकामाई गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१.संक्षिप्तनाम र प्रारम्भः (१) यस ऐनको नाम“कालिकामाई गाउँपालिकाको विनियोजन ऐन, २०७४” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

क)“गाउँ सभा”भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ख) “कार्यपालिका”भन्नाले कालिकामाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

ग) “वडा समिति”भन्नाले कालिकामाई गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ) “बिषयगत शाखा”भन्नाले कालिकामाई गाउँपालिका अन्तर्गतको महाशाखा, शाखा,आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ.) “संञ्चितकोष”भन्नाले कालिकामाई गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

३.आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मारकम रु. २१८८५४०००।-(अक्षेरुपी रु.एकाईस करोड अठाईस लाखचौवन्नहजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ। साथै उक्त रकमवाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्तहुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ।

४. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७४।०७५ को निमित्त कालिकामाई गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएम ाकालिकामाई गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवाभुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमागाउँ सभाको स्वीकृतिलिनु पर्नेछ ।

## अनुसूचि-१

दफा २ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**कालिकामाईगाउँपालिकाको संञ्चितकोषमाजम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

<table>
<tr><th colspan="3">आयतर्फ</th><th colspan="3">व्ययतर्फ</th></tr>
<tr><td>१.</td><td>वित्तीय समानिकरण</td><td>१२४८७३०००.००</td><td>१</td><td rowspan="3">चालु तर्फ (५६.०प्रतिशत)</td><td rowspan="3">१२,.२२,५४०००.००</td></tr>
<tr><td>२.</td><td>शशर्त अनूदान</td><td>५,५५,५०,०००.००</td><td></td></tr>
<tr><td>३.</td><td>सामाजिक सुरक्षाभत्ता( थपमाग समेत )</td><td>३,४०,००,०००.००</td><td></td></tr>
<tr><td>४.</td><td>स्थानीयशासनतथा सामूदायिकविकास कार्यक्रम</td><td>१०६००००.००</td><td>२.</td><td rowspan="4">पूँजीगतखर्च (४४.०प्रतिशत)</td><td rowspan="4">९,६६,००,०००.००</td></tr>
<tr><td>५</td><td>वहूक्षेत्रीयपोषण योजना</td><td>१२७१०००.००</td><td></td></tr>
<tr><td>८</td><td>गतआ.व.को वांकी सरी आएको</td><td>००.००</td><td></td></tr>
<tr><td>९</td><td>आन्तरिक आय</td><td>२१,००,०००.००</td><td></td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>२१,८८,५४,०००.००</td><td></td><td></td><td>२१,८८,५४,०००.००</td></tr>
</table>